स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



लभस्टोरीमा अब्बल मानिएका निर्देशक सुदर्शन थापा २ वर्षपछि निर्देशनमा फर्किँदैछन् । उनी अभिनेता प्रदीप खड्कालाई लिएर फिल्म "शुभ विवाह" बनाउने तयारीमा छन् । प्रदीपसँग उनले एक दशकपछि काम गर्न लागेका हुन् । यसअघि यो जोडीले "प्रेमगीत" जस्तो कालजयी फिल्ममा सहकार्य गरेका थिए । आगामी भदौमा छायांकनको तयारी गरिएको फिल्ममा प्रदीपकोजोडीबारे अहिलेसम्म निर्देशक थापाले कुनै जानकारी दिएका छैनन् ।

आजको विचार...



सडकको...
(दुई पेजमा)

डा. बालकृष्ण साह

अभिनेता निखिल उप्रेतीको निर्देशकीय कमब्याक फिल्म "आचार्य"को प्रदर्शन मितिलाई लिएर देखिएको अन्योल अन्ततः हटेको छ । यसअघि साउन २९ गते प्रदर्शन हुने चर्चा भएको यो फिल्म अब विजयादशमी (दशैं)को छेको पारेर आगामी असोज ९ गतेबाट प्रदर्शनमा आउने भएको छ । फिल्म निकट स्रोतले यसको पुष्टि गरेको हो । निखिलले असोज ९ लाई फिल्मको प्रदर्शन मिति रोज्नु रणनीतिक कदम देखिन्छ । किनकि, फिल्म रिलिज भएको तीन सातापछि दशैंको विदा सुरु हुन्छ ।



❐ वर्ष ३१ ❐ अंक ३४६ ❐ २०८३ असार ३० गते मंगलबार 14 July 2026, Tuesday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### ड्रोन आक्रमणमा चार जनाको मृत्यु

(रासस/एएफपी)

**मस्को,** असार २९/रुसमा सोमबार भएको युक्रेनी ड्रोन आक्रमणमा परी चार जनाको मृत्यु भएको छ भने सात जना घाइते भएका छन् । स्थानीय अधिकारीका अनुसार आक्रमणका अधिकांश घटना मस्को क्षेत्र आसपास केन्द्रित थिए । क्रेमलिनको निरन्तर आक्रमणको जवाफस्वरूप युक्रेनले रुसमाथिका ड्रोन आक्रमण तीव्र बनाएको छ । किएभले रुसी ऊर्जा संरचना तथा अन्य रणनीतिक क्षेत्रमा गरिएका आक्रमणलाई आफ्नो प्रतिरक्षात्मक कदमका रूपमा व्याख्या गर्दै आएको छ । मस्को क्षेत्रका गभर्नर आन्द्रे भोरोब्योभले टेलिग्राममार्फत इस्ट्राको पियोनेर्स्की बस्तीमा ड्रोन खसेर तीन जनाको मृत्यु भएको र तीन जना घाइते भएको जानकारी दिए । सोही क्षेत्रको अर्को भागमा थप दुई जना घाइते भएको उनले बताए । रुसी वायु रक्षा प्रणालीले मस्को क्षेत्रमा ८१ वटा ड्रोन नष्ट गरेको भोरोब्योभले दाबी गरे । युक्रेनसँग सीमा जोडिएको बेल्गोरोद क्षेत्रमा भएको ड्रोन आक्रमणमा एक महिलाको मृत्यु भएको र दुई पुरुष घाइते भएको स्थानीय अधिकारीले बताएका छन् ।

# पाल्पामा सकियो ७१ प्रतिशत धान रोपाइँ

*धान रोपाइँ हुन बाँकी ठाउँहरुमा मकै रहेकाले केही ढिला भएको जनाइएको छ । समयमै पानी परेकाले किसानहरु उत्साहित हुँदै रोपाइँमा व्यस्त रहे । मानो छरेर मुरी उब्जाउने समय भएकाले पनि किसानहरु यतिबेला रोपाइँमा व्यस्त रहेका छन् ।*

**हाम्रा संवाददाता**

पाल्पा, असार २९/ पाल्पामा धान रोपाइँ ७१ प्रतिशत सकिएको छ । लुम्बिनी प्रदेश कृषि विकास निर्देशनालयका अनुसार जिल्लाभर ७ हजार २ सय ८७ हेक्टर क्षेत्रफलमा धान खेती हुने अनुमान गरिएकोमा असार २६ गतेसम्म ५ हजार १ सय ७३ हेक्टर क्षेत्रफलमा रोपाइँ सम्पन्न भएको हो ।

अझै २ हजार १ सय १४ हेक्टर क्षेत्रफलमा धान रोपाइँ गर्न बाँकी रहेको निर्देशनालयले जनाएको छ । धान रोपाइँ हुन बाँकी ठाउँहरुमा मकै रहेकाले केही ढिला भएको जनाइएको छ । विगतमा साउनको पहिलो सातापछि मात्र रोपाइँ शुरु हुने यहाँका केही फाँटहरु यति बेला भने हरियाली बन्न थालेका छन् । समयमै पानी परेकाले किसानहरु उत्साहित हुँदै रोपाइँमा व्यस्त रहे । मानो छरेर मुरी उब्जाउने समय भएकाले पनि किसानहरु यतिबेला रोपाइँमा व्यस्त रहेका छन् । विशेषगरी अन्नको भण्डारको रुपमा लिइने



तानसेनको माडी फाँट, अर्गेली, रम्भा गाउँपालिकाको हुँगी, हेक्लाङ, रामपुरको रामपुर फाँट, पूर्वखोलाका केही फाँट, निस्दी गाउँपालिकाको ढुँनावेसी, तिनाउ गाउँपालिकाको कचल, झ्याङ्ला, रिब्दीकोट र रैनादेवी छहराका तल्ला फाँटहरुमा धान खेती गरिँदै आइएको छ । रामपुरका केही फाँटहरुमा रोपाइँ चलिरहेको छ भने केही ठाउँमा मकै निकालेर रोप्ने तयारीमा किसान जुटेका छन् । जिल्लामा ५३ हजार ४ सय ५४ हेक्टर जमिन खेती योग्य रहेका छ । जसमा ७ हजार २ सय ८७ हेक्टर क्षेत्रफलमा धान खेती हुन्छ । करिव ६ सय ५० हेक्टर क्षेत्रफलमा भने चैते धानको खेती हुँदै आएको छ । यहाँका किसानले ठूला-ठूला फाँटमा आधुनिक कृषियन्त्रको प्रयोग गरेका छन् भने टारी खेतहरुमा अझै पनि हल गोरु लगाएर रोपाइँ गर्दै आएका छन् । जिल्लाको दोस्रो मुख्य बालीका रुपमा स्थापित धान खेती यसवर्ष समयमा नै रोपाइँ हुँदा उत्पादन समेत राम्रो हुने कृषकहरु बताउँछन् । विगतमा बाँझो रहेका यहाँका केही खेतहरुमा समेत यसवर्ष रोपाइँ भएको छ ।

**लुम्बिनी प्रदेशमा ५९ दशमलव ९४ प्रतिशत सकियो**

यस्तै लुम्बिनी प्रदेशमा ५९ दशमलव ९४ प्रतिशत सम्पन्न भएको छ । प्रदेश कृषि विकास निर्देशनालयका अनुसार प्रदेशभर ३ लाख १३ हजार ७२ हेक्टर क्षेत्रफलमा धान खेती हुने अनुमान गरिएकोमा असार २६ गतेसम्म १ लाख ८० हजार ६३० हेक्टर क्षेत्रफलमा रोपाइँ सम्पन्न भएको हो । अझै १ लाख ३२ हजार ४४२ हेक्टर क्षेत्रफलमा धान रोपाइँ गर्न बाँकी रहेको निर्देशनालयले जनाएको छ । लुम्बिनी प्रदेश कृषि निर्देशनालयका अनुसार प्रदेशका १२ जिल्लामध्ये रोल्पामा धान खेती हुने शतप्रतिशत जमिनमा रोपाइँ सकिएको छ । यसैगरी प्युठानमा धान रोपाइँ हुने खेतमध्ये ९२ प्रतिशत, नवलपरासी (पश्चिम)मा ९० प्रतिशत, रुकुम पूर्वमा ८० प्रतिशत, रुपन्देहीमा ७२ प्रतिशत, पाल्पामा ७१ प्रतिशत, बर्दियामा ७० प्रतिशत, दाङमा ६५ प्रतिशत, गुल्मीमा ५२ प्रतिशत र अर्घाखाँचीमा ५१ प्रतिशत रोपाइँ सम्पन्न भएको छ । कपिलवस्तु र बाँकेमा भने धान रोपाइँको प्रगति सुस्त देखिएको छ । प्रदेश कृषि विकास निर्देशनालयका कृषि प्रसार अधिकृत नवीन गैरेका अनुसार कपिलवस्तुमा हालसम्म जम्मा ३१ प्रतिशतमात्र धान रोपाइँ भएको छ । जिल्लामा ६६ हजार २६५ हेक्टर क्षेत्रफलमा धान रोप्नुपर्ने भए पनि असार २६ गतेसम्म २० हजार ५४२ हेक्टरमा मात्रै रोपाइँ सम्पन्न भएको उनले जानकारी दिए । यसैगरी बाँकेमा ३३ हजार ७८० हेक्टर क्षेत्रफलमा धान रोप्नुपर्ने लक्ष्य रहेकामा हालसम्म १४ हजार ८६३ हेक्टरमा मात्र रोपाइँ भएको छ, जुन कुल क्षेत्रफलको ४४ प्रतिशत हो । निर्देशनालयका अनुसार मनसुन सक्रिय भइरहेकाले आगामी दिनमा रोपाइँको गति अझ बढ्ने अपेक्षा गरिएको छ । कतिपय स्थानमा साउनको तेस्रो हप्तासम्म पनि रोपाइँ गर्न मिल्ने भएकाले यो तथ्याङ्कमा अझै सुधार आउने निर्देशनालयले जनाएको छ ।

## नेविसंघद्वारा वृक्षारोपण



**तानसेन,** असार २९/ नेपाल विद्यार्थी संघ (नेविसंघ) त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा इकाईले वातावरण संरक्षण तथा हरियाली प्रवर्द्धन गर्ने उद्देश्यले सोमबार वृक्षारोपण गरेको छ । उसले क्याम्पसको विज्ञान संकाय भवन परिसरस्थित बतासेडाँडामा कपुर, धुपी, सल्ला, अमला, चिउरी लगायत विभिन्न प्रजातिका बिरुवा रोपेको हो । वृक्षरोपणमा स्वतन्त्र विद्यार्थी युनियन त्रिभुवन बहुमुखी क्याम्पसका पूर्व स्ववियु सभापति एवं नेपाली कांग्रेस पाल्पाका सभापति हिमाल दत्त श्रेष्ठ, नेपाली कांग्रेस पाल्पाकी सचिव सुनिता अधिकार, त्रिभुवन बहुमुखी क्याम्पस तानसेनका विज्ञान संकायका सहायक क्याम्पस प्रमुख पितबहादुर नेपाली, नेपाली काँग्रेस जिल्ला सदस्य गिरिजा गैरे, पूर्व स्ववियु सभापति हरिबोल भट्टराई, पूर्व स्ववियु कोषाध्यक्ष तथा क्याम्पसका उपप्राध्यापक कृष्ण बहादुर आले, क्याम्पसका स्वतन्त्र विद्यार्थी युनियन सभापति मिलन घर्ती मगर, त्रिभुवन बहुमुखी क्याम्पस कर्मचारी संघका सभापति डुकुलराज ढकाल,नेपाल विद्यार्थी संघ त्रिभुवन बहुमुखी क्याम्पस तानसेनका इकाइ सभापति पुण्यप्रसाद सुवेदी लगायत शिक्षक, विद्यार्थी तथा राजनीतिक नेतृत्वहरु त्यहाँ पुगेका थिए । विद्यार्थीसँगै वृक्षारोपणमा पुगेका काँग्रेस सभापति श्रेष्ठले विद्यार्थीले अध्ययनसँगै सामाजिक उत्तरदायित्व निर्वाह गर्दै वातावरण संरक्षणजस्ता अभियानमा सक्रिय सहभागिता जनाउनु सकारात्मक र अनुकरणीय कार्य भएको बताए । उनले वृक्षारोपणलाई औपचारिकतामा सीमित नराखी रोपिएका बिरुवाको संरक्षण र नियमित हेरचाहमा समेत सबैले ध्यान दिनुपर्नेमा जोड दिए । यस्ता अभियानले वातावरण संरक्षणका साथै समाजमा सकारात्मक सन्देश प्रवाह गर्ने उनको भनाइ थियो ।

*-बाँकी अन्तिम पेजमा...*

## अर्घाखाँचीका वनक्षेत्रमा रिचार्ज पोखरी निर्माण

**अर्घाखाँची,** असार २९/पाणिनी गाउँपालिका-४ स्थित गहुँखर्क वनक्षेत्रमा नमूना रिचार्ज पोखरी निर्माण गरिएको छ । करिब समुद्री सतहबाट करिब एक हजार ७०० मिटर उचाइमा पर्ने यो क्षेत्र प्राकृतिक सौन्दर्यले भरिपूर्ण रहेकाले पर्यावरणीय सन्तुलन कायम गर्न तथा वन्यजन्तुको सहजताका लागि पोखरी निर्माण गरिएको हो ।

वनको बीचमा ढुङ्गाको बाँध निर्माण गरी तयार गरिएको बहुउपयोगी रिचार्ज पोखरीले जलस्रोत संरक्षण, पर्यावरणीय सन्तुलन कायम गर्न तथा जलवायु परिवर्तनका असर न्यूनीकरणमा महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ । जिल्लास्थित डिभिजन वन कार्यालयले चालु आर्थिक वर्षमा जलस्रोत संरक्षणलाई प्राथमिकतामा राख्दै उक्त पोखरी निर्माण गरेको हो । वन क्षेत्रभित्र



वर्षायाममा खेर जाने पानीलाई सङ्कलन गरी भूमिगत रूपमा पुन:रिचार्ज गर्ने उद्देश्यले निर्माण गरिएको यो संरचनाले यस क्षेत्रका प्राकृतिक मुहानलाई दीर्घकालसम्म संरक्षण गर्न सहयोग पुग्ने डिभिजन वन कार्यालयका सूचना अधिकारी केशर खड्काले विश्वास व्यक्त गरे । उक्त रिचार्ज पोखरीभन्दा करिब ५०० मिटर तल वनक्षेत्रमा सात वटा प्राकृतिक पानीका मुहान पनि छन् ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## जनताप्रति संवेदनशील बन

मुलुकमा झण्डै दुई तिहाइको सरकार गठन भएको छ । नयाँ दलका रुपमा उदायको राष्ट्रिय स्वतन्त्र पार्टीको नेतृत्वमा सरकार छ । प्रचण्ड मत भएको यो सरकारबाट जनताले धेरै ठूलो अपेक्षा गरेका थिए । तर जनताको अपेक्षा अनुसार सरकारले काम गर्न सकेको छैन् । अझै पनि देशका नागरिकहरुले आर्थिक अभाव, बेरोजगारी, असुरक्षित पेशा, महँगी लगायतका समस्याले सर्वसाधारण नागरिकहरु प्रताडित छन् भने कतिले त आत्महत्या गर्न समेत बाध्य भएका छन् । तर सरकारमा बस्नेहरुलाई नागरिकको पीडा प्रति कत्ति पनि चासो छैन् । यो अत्यन्त दुखको कुरा हो । सरकार जनताको अभिभावक हो । जनतालाई दुख पर्दा अभिभावको भूमिका सरकारले खेल्नुपर्ने हो, तर त्यसतर्फ एकरत्ति पनि ध्यान जान सकिरहेको छैन । बरु नचाहिने कामहरुमा सरकारले समय बेतित गरिरहेको छ । पछिल्लो समय सरकार नागरिकप्रति संवेदनशील नहुँदा दिनदहाडै आत्मदाह गर्न बाध्य भएका छन् ।

२०७९ माघ ११ गते बानेश्वरको सडकमा इलामका प्रेम आचार्यले आत्मदाह गरी मृत्यु भएको घटना आमनागरिकले विर्सिएका छैनन् । त्यो घाउ सेलाउन नपाउँदै फेरी पछिल्ला तीन दिन यता तीन जनाले आत्मदाह गरे । जसमा दुई जनाको त मृत्यु नै भयो । तीन वर्ष अघि इलामका प्रेमको आत्मदाहका पछाडी ऋण, व्यावसायिक असफलता लगायत कारण र संकेतहरू त छँदै थिए, तर सबैभन्दा ठूलो कारण राज्य नै थियो, त्यसमा विमति राख्न सकिन्न । अहिले पनि मुगुका युवा गणेश नेपालीले मोटरसाइकलमा यात्रु ओसार्दै हातमुख जोर्न संघर्ष गर्दा गर्दै ज्यान गुमाए । रोजगारी खोजे पाएनन् । बिदेसिन सकेनन् । श्रीमती र छोरी पनि पाल्नै पर्ने थियो । किस्ताबन्दीमा मोटरसाइकल किनेर स्वरोजगार बने । तर, पाइलापाइलामा राज्यका नियमको मात्रै होइन, दण्ड र जरिवानाको हन्डर ठक्कर खाइरहे । अन्ततः जीवनमा कुनै आशा देखेनन् र प्राण त्याग गरे । दुर्भाग्य कस्तो, आत्मदाहले गणेशको मृत्यु भएकै दिन सर्लाहीमा एक शिक्षित युवा विवेक मण्डलले आत्मदाह प्रयास गरे, मुख्य कारण बेरोजगारीकै थियो । र, त्यसको भोलिपल्टै शनिबार काठमाडौंको बुद्धनगरमा व्यवसायी अश्विन राउतको आत्मदाहकै कारण मृत्यु भयो । उनले पनि व्यवसायमा विभिन्न खालका विफलता झेलिरहेका थिए । बालेन्द्र शाहा सरकार सुरु भएयता खासगरी सुकुम्बासीका सही व्यवस्थापन हुन नसक्दा यसअघि पनि आत्महत्याका घट्ना दोहोरिरहेका थिए । ३ वर्षअघि प्रेमले जस्तै गणेश नेपालीले यो देशमा बाँच्न सकिन्न भन्ने वातावरण बनाउने राज्य हो । ह्विल लकभन्दा पनि ठूलो जिन्दगी र भविष्य लक भएको अनुभूति र आभास अनि अनुभूतिको भोक्ता युवाहरू भइरहनु सबैभन्दा घातक कुरा हो। गणेश आत्मदाह एउटा घटनामा सीमित हुने विषय होइन, यो त तमाम युवाहरूको मुद्दा हो । तसर्थ अब सरकार यस्ता घटनाबाट पाठ सिकेर नागरिकप्रति संवेदनशील बन्न जरुरी छ ।

### Opinion @ Social Network

जीवनको सुन्दरता संघर्षमा लुकेको छ,
आफ्नो हिम्मत नहार्नु प्रत्येक चुनौतीले हामीलाई अझ बलियो बनाउँछ ।
*(सन्दिप लिम्बुको फेसबुक स्टाटसबाट www.facebook.com/Sandip.Limbu)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सडकको भवितव्य, समाजको न्याय र सहानुभूतिको आहुति



## डा. बालकृष्ण साह

*हाम्रो देशमा सडकको छेउमा विधिसम्मत तरिकाले रोकिएर राखेको गाडीमा आएर कसैले मोटरसाइकल ठोक्कायो र मोटरसाइकल चालक घाइते वा मृत भयो भने पनि उल्टै गाडी पक्ष नै कानुनी झमेलामा फस्छ । भीड जम्मा हुन्छ, गाडी जलाइन्छ र गाडी धनीलाई थुनामा राखेर करोडौँको मोलमोलाइ सुरु हुन्छ । कानुनले गल्ती कसको थियो भनेर हेर्दैन, बरु 'ठुलो गाडी' लाई नै दोषीको कठघरामा उभ्याउँछ । यसले हाम्रो कानुन कति अवैज्ञानिक र अव्यवहारिक छ भन्ने देखाउँछ । विकसित देशहरूमा 'दोषरहित बिमा प्रणाली' लागू हुन्छ । त्यहाँ दुर्घटना हुनासाथ बिमा कम्पनीहरूले पीडितको उपचार र क्षतिपूर्तिको जिम्मा लिन्छन् । दुई पक्षबिच यसरी बजारको व्यापार जस्तो मोलमोलाइ गर्ने परिस्थिति नै सृजना हुँदैन । साथै चालकको गम्भीर गल्ती (जस्तैः मादक पदार्थ सेवन वा तीव्र गति) प्रमाणित नभएसम्म उसलाई अपराधी जस्तो थुनामा राखेर मानसिक यातना पनि दिइँदैन ।*

केही दिनअघि एउटा सडक दुर्घटना भयो । जसले क्षणभरमै दुईवटा सर्वथा अपरिचित परिवारको हाँसो र खुसीलाई एउटै नियतिको भुमरीमा ल्याएर पछारिदियो । कार र मोटरसाइकल एकापसमा ठोक्किए । दुर्घटनामा मोटरसाइकल चालकको अल्पआयुमै दुःखद अवसान भयो । उनकी जीवनसङ्गीनीको खुट्टाको हड्डी भाँचिएर अस्पतालको बेडमा 'इन्टरनल फिक्सेसन' (स्टिल हाल्ने शल्यक्रिया) गर्नुपर्‍यो । अर्कोतर्फ, कहिल्यै मदिराको थोपासम्म नचाखेका, सधैँ संयमित गतिमा सवारी चलाउने कार चालक भौतिक रूपमा त जोगिए । तर उनको भित्री संसार भत्कियो । तीव्र मानसिक आघात र कारुणिक आत्मग्लानीका कारण उनको रक्तचाप र मधुमेहको सन्तुलन पूर्ण रूपमा गुम्यो । अस्पतालको बेड र प्रहरी नियन्त्रणको दोहोरो दबाबले उनलाई पनि छटपटी र उपचारको शरणमा पुर्‍यायो ।

**दुर्घटनामा 'पीडक' को 'पीडित' को ?**

हाम्रो समाजको एउटा ठुलो कमजोरी के छ भने, सडक दुर्घटना हुनासाथ हामी तुरुन्तै एउटालाई 'पीडित' र अर्कोलाई 'पीडक' को ट्याग भिराइदिन्छौँ । सानो गाडिवाला पिडित अनि ठुलो गाडिवाला पिडक । तर वास्तविकता दुर्घटना नियतवश गरिएको होइन र विशुद्ध भवितव्य हो । त्यसैले दुर्घटनामा कोही पीडक हुँदैन, दुवै पक्ष पीडित नै हुन् । हो, कुनै पक्षको क्षति अपुरणीय वा ठुलो होला, जसको भर्पाई गर्न सक्दैन । तर अर्को पक्ष पनि चैनले निदाएको हुँदैन । उसको पनि परिवार, जीवन र प्रतिष्ठा हुन्छ, जुन पलभरमा सडककै धुलोमा मिसिन्छ । यस दुर्घटनामा पनि मोटरसाइकल चालकको निधन नै भयो, जसको कुनै भर्पाई गर्न सकिँदैन । अर्कोतर्फ कार चालक, जो आफैँ कारका धनी र घरका मुख्य खम्बा थिए । अस्पतालभित्रै प्रहरीको घेरामा परे । व्यवसाय लथालिङ्ग भयो, परिवार चिन्ताको दलदलमा डुब्यो । यति हुँदा पनि समाजले उनलाई विना अनुसन्धान एउटा क्रूर 'हत्यारा' जस्तो व्यवहार गरिरह्यो । समाजको यो 'भीडतन्त्र' र पूर्वाग्रही चस्माले गर्दा निर्दोष व्यक्तिले भोग्नुपरेको मानसिक 'ट्रमा' झन् भयानक थियो । 'हुने हार दैव नटार ।' दुर्घटनामा कुनै पनि पक्ष खुसी हुने कुरा आउँदैन । कार चालक पक्ष मृतकको पीडामा मलहम लगाउन र आफ्नै खल्ती काटेर भएपनि राहत दिन तयार थिए । मृतकको घरमा वृद्ध बुबा, साना भतिजाहरू र एक विवाहित छोरी मात्र रहेछन् । ओछ्यानमा आमाको शल्यक्रियाको घाउ अझै आलै थियो । यो कारुणिक अवस्था देखेर चालक पक्षले मृतक पक्षका हरेक व्यक्तिको आक्रोश, गालीगलौज र कटु वचनहरूलाई 'शोकमा डुबेकाहरूको चित्कार' ठानेर अत्यन्तै शान्त र सभ्य भएर सहँदै गए ।

**डेढ करोडको 'मृगतृष्णा' र सहानुभूतिको अवसान**

कानुन केवल कोरा भावनाले चल्दैन । प्रहरीको रोहबरमा १३औँ दिनको काजक्रिया सकिएपछि दुवै पक्ष सरसल्लाहका लागि जुटे । जब वार्ताको बीचमा मृतक पक्षबाट क्षतिपूर्तिको रूपमा डेढ करोडको अस्वाभाविक माग दाबी गरियो । तब मानवीय संवेदनाको गम्भीर अपमान भयो । एउटा भवितव्यलाई 'नियोजित हत्या' जस्तो प्रस्तुत गरेर आफ्नै परिवारजनले मृत्युलाई पैसाको तराजुमा जोख्न खोज्यो । कार चालक पक्षको धैर्यको बाँध फुट्यो, सायद स्वाभाविक नै थियो । लास देखाएर 'लुटको खेती' गर्न खोजेझैँ देखियो । नेपाली आर्थिक परिवेश र विद्यमान कानुनभन्दा कोसौँ टाढा पुगेर गरिएको यो डेढ करोडको बार्गेनिङ मानवीय पक्कै थिएन । पीडा र आँसुको आवरणभित्र लुकेको यस्तो चरम आर्थिक लोभ र 'मृगतृष्णा' ले मृतकको आत्माकै अपमान गर्‍यो । जुन परिवारप्रति समाजको अगाध सहानुभूति थियो । यो अस्वाभाविक बार्गेनिङ सुन्नासाथ त्यो सहानुभूति एकाएक आक्रोश र घृणामा परिणत भयो । यसले मृतकको पवित्र स्मृति र उनको परिवारप्रति रहेको साँचो सहानुभूतिको समेत 'आहुति' दियो ।

**क्रोनिक सामाजिक प्रवृत्ति**

यो घटना कुनै नौलो वा एक्लो उदाहरण भने होइन । लासमाथि आर्थिक मोलमोलाइ गर्ने र सवारी धनीको आर्थिक हैसियत हेरेर करोडौँको 'व्यापार' गर्न खोज्ने यो एउटा भयानक सामाजिक प्रवृत्तिका रूपमा विकास भइसकेको छ । विगतका केही चर्चित घटनाहरूलाई हेर्ने हो भने यो तीतो यथार्थ अझ प्रस्ट हुन्छ । बिस. २०८० मा नारायणगढ-मुग्लिन सडकखण्डमा सिम्फनी रिसोर्टका सञ्चालक आफैँले चलाएको कार र मोटरसाइकल एकापसमा ठोक्किँदा मोटरसाइकल चालकको मृत्यु भयो । दुर्घटना विशुद्ध भवितव्य जस्तो देखिए पनि जब सवारी धनी प्रतिष्ठित व्यवसायी भएको स्थानीयले चाल पाए भीड र पीडित पक्षका बिचौलियाहरू मोलमोलाइका लागि सामुन्ने आइपुगे । कानुनी प्रक्रियालाई लत्याउँदै १ करोड ५० लाख रुपैयाँको अस्वाभाविक माग राखेर हप्तौँसम्म शव बुझ्न मानेनन् । निर्दोष व्यवसायी चालकले हप्तौँसम्म हिरासतको मानसिक यातना भोग्नुपर्‍यो । व्यवसाय चौपट भयो र पछि दबाबमूलक आपसी सहमतिमा मात्र मुद्दा सल्टियो । त्यस्तै २०७९ मा पूर्व-पश्चिम राजमार्गको विर्तामोड खण्डमा एउटा निजी कारले मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालकको मृत्यु भयो । कार चालक स्थानीय व्यवसायी थिए । मृतकका आफन्त र भीडले बिर्तामोडको मुख्य चोकमा टायर बालेर सडक नै ठप्प पारे । उनीहरूले तेस्रो पक्ष बीमाको प्रावधानलाई लत्याउँदै १ करोड रुपैयाँ नगद र मृतककी श्रीमतीलाई स्थायी जागिरको माग गरे । 'मेरो गल्ती थिएन, बीमाले दिने बाहेक म यति धेरै रकम दिन सक्दिनँ' भन्दा गाडी धनीलाई भौतिक आक्रमणको धम्की दिइयो र अन्त्यमा दबाब सिर्जना गरेर ठुलो रकम लेनदेन गरियो । दुर्घटना गराउने गाडीको चालक साधारण 'कर्मचारी' वा 'ड्राइभर' मात्र हो भने पीडित पक्ष कानुन बमोजिमको वा केही लाख रुपैयाँमा चित्त बुझाउँछन् । तर सवारी धनी आफैँ चालक हो भने वा गाडी कुनै मध्यमवर्गीय वा सम्भ्रान्त व्यक्तिको हो भने बार्गेनिङको ग्राफ अस्वाभाविक रूपमा ह्वात्तै बढेको उदाहरणहरू हाम्रै समाजमा प्रशस्त छन् । यस्तो अवस्थामा न्याय खोजिँदैन, बरु गाडी धनीको खल्ती हेरेर रकम तोकिन्छ । लाग्छ, दुर्घटना न्याय पाउने माध्यम होइन, 'धनीलाई कानुनी रूपमा लुट्ने वैध हतियार' हो । कतै-कतै चालकको चरम लापरबाही भएको, पहिलो पटक ठक्कर लाग्दा जोगिएका घाइतेलाई 'उपचार गर्नुभन्दा मारिदियो भने क्षतिपूर्ति कम तिर्नुपर्छ' भन्ने निकृष्ट मानसिकता पनि देखिन्छ यदाकदा । यस्ता जघन्य सडक अपराधका कारण समाजको आक्रोश बढ्नु स्वाभाविक हो । तर त्यस्ता अपराधी चालकका कारण सिर्जना भएको सामाजिक आक्रोशको मूल्य यो घटनाका जस्ता निर्दोष, सभ्य र भवितव्यमा परेका कार चालकले चुकाउनुपर्नु कुन हदसम्मको न्याय हो ?

**अवैज्ञानिक कानुन र अन्तर्राष्ट्रिय चेतनाको खाडल**

छिमेकी मुलुक भारत लगायत अन्य विकसित देशहरूमा नेपालको भन्दा कयौँ गुणा बढी गाडी गुड्छन्, सडक चौडा छन् र गति पनि तीव्र छ । तर त्यहाँ नेपालको तुलनामा 'जनसंख्या र सवारी साधनको अनुपातमा' दुर्घटना र त्यसपछिको सामाजिक अराजकता कम देखिन्छ । किनभने त्यहाँ सडक चेतना उच्च छ । त्यहाँ मोटरसाइकल चालक र पैदलयात्रीहरू आफू जोगिनका लागि अत्यन्तै सचेत रहन्छन् । हाम्रो देशमा सडकको छेउमा विधिसम्मत तरिकाले रोकिएर राखेको गाडीमा आएर कसैले मोटरसाइकल ठोक्कायो र मोटरसाइकल चालक घाइते वा मृत भयो भने पनि उल्टै गाडी पक्ष नै कानुनी झमेलामा फस्छ । भीड जम्मा हुन्छ, गाडी जलाइन्छ र गाडी धनीलाई थुनामा राखेर करोडौँको मोलमोलाइ सुरु हुन्छ । कानुनले गल्ती कसको थियो भनेर हेर्दैन, बरु 'ठुलो गाडी' लाई नै दोषीको कठघरामा उभ्याउँछ । यसले हाम्रो कानुन कति अवैज्ञानिक र अव्यवहारिक छ भन्ने देखाउँछ । विकसित देशहरूमा 'दोषरहित बिमा प्रणाली' लागू हुन्छ । त्यहाँ दुर्घटना हुनासाथ बिमा कम्पनीहरूले पीडितको उपचार र क्षतिपूर्तिको जिम्मा लिन्छन् । दुई पक्षबिच यसरी बजारको व्यापार जस्तो मोलमोलाइ गर्ने परिस्थिति नै सृजना हुँदैन । साथै चालकको गम्भीर गल्ती (जस्तै: मादक पदार्थ सेवन वा तीव्र गति) प्रमाणित नभएसम्म उसलाई अपराधी जस्तो थुनामा राखेर मानसिक यातना पनि दिइँदैन । जब हामी दुर्घटना जस्तो सामाजिक त्रासदीमा पनि न्याय खोज्नुको साटो 'कमाउने मौका' खोज्न थाल्छौँ, तब समाजबाट मानवीयता, सभ्यता र सद्भावको अन्त्य हुन्छ । पीडित पक्षले न्यायोचित राहत र क्षतिपूर्ति पाउनै पर्छ, तर पीडाको नाममा गरिने यस्ता नाजायज आर्थिक बार्गेनिङले घटनाको गाम्भीर्यता र मानवीय संवेदना दुवैलाई जिउँदै मार्छ । जबसम्म हाम्रो देशको कानुन वैज्ञानिक बन्दैन र हामी 'सडक दुर्घटना' र 'सडक अपराध' बिचको सीमारेखा बुझ्दैनौँ । तबसम्म हाम्रो समाजमा न त न्याय जीवित रहनेछ, न त मानवीय संवेदना नै ।

*-रातोपाटी डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : बुझेको कुरालाई आधार बनाउनु राम्रो हुनेछ। प्रयासले रोकिएको बाटो खुल्नेछ। | **तुला**: सम्बन्धमा न्यानोपन फर्काउनेछ। मनको कुरा स्पष्ट राख्नु राम्रो हुनेछ। |
| **वृष** : कुनै काम मिल्दा राहत मिल्नेछ। रहर छुट्याएर अघि बढ्नु उचित हुनेछ। | **वृश्चिक** :पुरानो अन्योल हट्नेछ। प्रतिक्रिया दिनुभन्दा छोडिदिनु बुद्धिमानी हुनेछ। |
| **मिथुन** : सोचमा परिवर्तन आउन सक्छ। सानो गल्ती सच्याउने अवसर पनि मिल्नेछ। | **धनु** : फरक अनुभव हुने दिन छ। परिवर्तनले ताजापन महसुस गराउनेछ। |
| **कर्कट** : घरको विषयमा ध्यान जानेछ। बुझेर अघि बढ्दा धेरै कुरा आफैं मिल्नेछन्। | **मकर** : अघि बढ्दा धेरै हतार पर्दैन। सुझावले निर्णय लिन सजिलो बनाउनेछ। |
| **सिंह** : व्यवहारले सम्बन्ध अझ नजिक हुनेछ। आफ्नो कामप्रति सन्तोष रहनेछ। | **कुम्भ** : मनको कुरा गर्दा सम्बन्ध स्पष्ट बन्नेछ। सन्तुलित अनुभूति हुनेछ। |
| **कन्या** :आफ्नो स्वास्थ्यलाई लिएर सचेत रहनुहोस्। प्रेम सम्बन्ध सुमधुर रहनेछ। | **मीन** : दिन सहज ढङ्गले बित्नेछ। मनपर्ने काममा निकाल्न सक्नुहुनेछ। |

# विज्ञान/सूचना प्रविधि

## ओपनएआई विरुद्धको फ्लोरिडाको मुद्दा अब संघीय अदालतमा



फ्लोरिडाले प्रविधि क्षेत्रको ठूलो कम्पनी ओपनएआई, यसका संस्थापक स्याम अल्टम्यान र च्याटजीपीटी बोट विरुद्ध दायर गरेको ठूलो मुद्दा अब संघीय अदालतमा सरेको छ । यो मुद्दाको जिम्मेवारी पूर्व राष्ट्रपति डोनाल्ड ट्रम्पद्वारा नियुक्त न्यायाधीश एलिन कानोनलाई दिइएको छ । कानोन ट्रम्पको हित अनुकूल हुने गरी निर्णयहरू गर्ने गरेको भनेर आलोचना खेपिरहने न्यायाधीशमा पर्छिन् । यो मुद्दा प्राविधिक क्षेत्रका लागि निकै महत्त्वपूर्ण मानिएको छ। मुद्दा पहिले फ्लोरिडाको स्टेट कोर्टमा चल्ने तय भएको थियो । तर, अब यो फोर्ट पियर्सको संघीय अदालतमा चल्ने सम्भावना छ । उनी ट्रम्पको हित अनुकूल हुने गरी निर्णयहरू गर्ने गरेको भनेर आलोचना खेपिरहने न्यायाधीशमा पर्छिन् । ओपनएआईका वकिलहरूले गत जुलाई २ मा मुद्दालाई स्थानीय अदालतबाट हटाउन माग गर्दै एउटा निवेदन दर्ता गराएका थिए । उनीहरूले यो मुद्दा चिल्ड्रेन्स अनलाइन प्राइवेसी प्रोटेक्सन एक्टसँग जोडिएकाले संघीय अदालतमा सुनुवाइ हुनुपर्ने तर्क गरेका थिए । ओपनएआईले अहिले अमेरिकी सरकारबाट लगानी भित्र्याउन प्रयास गरिरहेको छ । कम्पनीले ट्रम्प प्रशासनलाई ५ प्रतिशत सेयर दिने प्रस्ताव पनि गरेको छ । यस्तो समयमा यो प्रविधि कम्पनीलाई जवाफदेही बनाउने र ट्रम्पको स्वार्थ समेत जोडिएको मुद्दामा न्यायाधीश कानोनको भूमिका महत्त्वपूर्ण हुने देखिएको छ । यद्यपि न्यायाधीश कानोनले यो मुद्दा आफ्नो क्षेत्राधिकारमा राख्न अस्वीकार गर्न पनि सक्छिन् । फ्लोरिडाका महान्यायाधिवक्ता जेम्स उथमेयरले मुद्दा संघीय अदालतमा सार्ने कम्पनीको कदमको विरोध गर्न सक्ने बाटो बाँकी नै छ । तर फ्लोरिडा राज्यले अहिलेसम्म त्यस्तो कुनै कदम चालेको छैन । यस कानुनी लडाइँमा आगामी अगस्ट २४ भित्र अर्को ठूलो घटनाक्रम सार्वजनिक हुने अपेक्षा गरिएको छ । सो मितिभित्र ओपनएआईले फ्लोरिडा राज्यका दाबीहरूको जवाफ दिनुपर्नेछ । फ्लोरिडा राज्यले च्याटजीपीटी बोट बालबालिकाका लागि खतरनाक रहेको र यसले कुलत बढाउनुका साथै सामूहिक गोलाबारी र आत्महत्या जस्ता घटनालाई प्रोत्साहन गरेको आरोप लगाएको छ । फ्लोरिडाको मुद्दामा ओपनएआईले च्याटजीपीटीका खतराहरूबारे सचेत नगराएको उल्लेख छ । कम्पनीले बालबालिकाका लागि अनुपयुक्त सामग्रीहरू उचित उमेर प्रमाणीकरण बिना नै उपलब्ध गराई गलत व्यावसायिक अभ्यास गरेको आरोप लगाइएको छ । महान्यायाधिवक्ता उथमेयरले अदालतसँग कम्पनीलाई सुधार गर्न आदेश दिन माग गरेका छन् । उनले साना प्रयोगकर्ताहरूको डाटा संकलन गर्नुअघि अभिभावकको अनुमति लिनुपर्ने नियम बनाउन र नागरिकका तर्फबाट क्षतिपूर्ति दिलाउन माग गरेका छन् । ओपनएआईले भने फ्लोरिडाको यी आरोपहरू अस्वीकार गरेको छ । कम्पनीले बालबालिकाको सुरक्षाका लागि उद्योगकै उत्कृष्ट सुरक्षा प्रणाली र नीतिहरू लागू गरेको दाबी गरेको छ । सन् २०२० मा ट्रम्पद्वारा नियुक्त न्यायाधीश कानोनको विगतका फैसलाहरूको निकै आलोचना भएको थियो । उनले गत फेब्रुअरीमा न्याय मन्त्रालयलाई एउटा अनुसन्धान प्रतिवेदन सार्वजनिक गर्न रोकेकी थिइन् । सो प्रतिवेदनमा ट्रम्पले मार-ए-लागोमा गोप्य कागजातहरू थुपारेको र ती कागजात फिर्ता लिने प्रयासमा बाधा पुऱ्याएको आरोपहरू उल्लेख थिए ।

*-अनलाइन खबर डटकम*

## ब्रह्माण्डको सुरुवातमा देखिएका पुराना क्वाजारले वैज्ञानिकहरू चकित



वैज्ञानिकहरूले अहिलेसम्मकै सबैभन्दा पुराना क्वाजारहरू फेला पारेका छन् । यी क्वाजारहरूले ब्रह्माण्डको उमेर ६७ करोड वर्ष मात्र हुँदा चम्किरहेका विशाल ब्ल्याक होलहरूलाई देखाएका छन् । खगोलविद्हरूले ३१ वटा पुराना क्वाजारहरू पत्ता लगाएका हुन् । यसमा अहिलेसम्मकै सबैभन्दा पहिले बनेका दुईवटा क्वाजारहरू पनि सामेल छन् । यी क्वाजारहरू सूर्यको द्रव्यमान ( मास ) भन्दा अरबौं गुणा ठूला सुपरम्यासिभ ब्ल्याक होलहरूबाट सञ्चालित छन् । यति चम्किला वस्तुहरू बिग ब्याङपछि यति चाँडो कसरी बने भन्ने कुराले वैज्ञानिकहरूको बुझाइलाई चुनौती दिएको छ । क्वाजारहरू ब्रह्माण्डकै सबैभन्दा चम्किला र शक्तिशाली वस्तुहरू हुन् । यस विषयको अनुसन्धान एस्ट्रोनोमी एन्ड एस्ट्रोफिजिक्स जर्नलमा प्रकाशित भएको छ । क्यालिफोर्निया विश्वविद्यालय र लेइडन विश्वविद्यालयका प्राध्यापक जोसेफ हेनावीले यो खोजले सुपरम्यासिभ ब्ल्याक होलहरू कसरी बन्छन् भन्ने कुरा बुझ्न मद्दत गर्ने बताए । वैज्ञानिकहरूले दशकौंदेखि ब्रह्माण्डका पुराना क्वाजारहरू खोजिरहेका थिए । बिग ब्याङको ७७ करोड वर्षभन्दा कम समयमा बनेका क्वाजारहरू पाउन एकदमै गाह्रो हुन्छ । ब्रह्माण्ड फैलिने क्रममा यस्ता टाढाका क्वाजारहरूको प्रकाश पराबैजनीबाट इन्फ्रारेडमा परिणत हुन्छ । पृथ्वीको वायुमण्डलका कारण यस्तो मधुरो प्रकाश जमिनमा रहेका टेलिस्कोपबाट देख्न गाह्रो हुन्छ । खगोलविद्हरूले यस्तो दुरी र उमेर अनुमान गर्न रेडसिृट पद्धतिको प्रयोग गर्छन् । लेइडन विश्वविद्यालयका प्राविधिक विद्यार्थी डामिङ याङले जमिनबाट यस्ता क्वाजार खोज्न असम्भव जस्तै भएको बताए । युरोपेली स्पेस एजेन्सीले सन् २०२३ मा युकलिड स्पेस टेलिस्कोप प्रक्षेपण गरेको थियो । यो टेलिस्कोपले पृथ्वीको वायुमण्डल भन्दा माथि बसेर काम गर्छ । अनुसन्धानकर्ताहरूले युकलिड वाइड सर्भेको डाटा प्रयोग गरेर ३१ वटा नयाँ क्वाजारहरू पहिचान गरे । युकलिड टेलिस्कोपले क्वाजारको खोजी प्रक्रियालाई धेरै सजिलो बनाइदिएको छ । वैज्ञानिकहरूले संकलन गरेका क्वाजारहरू मध्ये १४ वटाको रेडसिृट ७ वा सोभन्दा बढी छ । सबैभन्दा पुराना दुईवटा क्वाजारको रेडसिफ्ट ७.६९ र ७.७७ रहेको छ । यी क्वाजारहरू १३ अर्ब प्रकाश वर्षभन्दा बढी दुरीमा रहेका छन् । यो खोजले सन् २०२१ मा हेनावीको टोलीले राखेको पुरानो रेकर्डलाई पनि तोडेको छ । खगोलविद्हरूले क्वाजार खोज्न मेसिन लर्निङ प्रविधिको पनि प्रयोग गरे । अत्याधुनिक एल्गोरिदमले करोडौं खगोलीय स्रोतहरू जाँच गरेर क्वाजारहरूलाई छुट्याउन सक्छ । हेनावीको टोलीले यी खोजहरूमा प्रयोग हुने धेरै एल्गोरिदमहरू विकास गरेको थियो । केक टेलिस्कोपले यी मध्ये दुई तिहाइ क्वाजारहरू पुराना भएको कुरा प्रमाणित गऱ्यो । अनुसन्धानकर्ताहरूले अब रेडसिफ्ट ८ भन्दा पारिको पहिलो क्वाजार खोज्ने लक्ष्य राखेका छन् । टोलीले यी क्वाजारहरूको विस्तृत अध्ययन गर्न जेम्स वेब स्पेस टेलिस्कोपमा समय सुरक्षित गरिसकेको छ । भविष्यको अवलोकनले ब्ल्याक होलको द्रव्यमान नाप्नेछ । यसैगरी अटाकामा लार्ज मिलिमिटर एरेले ती ग्यालेक्सीहरू भित्रको धुलो र ग्यासको अध्ययन गर्नेछ ।*-रातोपाटी डटकम*

## गुगलले परिवर्तन गऱ्यो १५ जीबी फ्री स्टोरेज




गुगलले आफ्ना एन्ड्रोइड प्रयोगकर्ताहरूका लागि स्टोरेज पोलिसीमा ठूलो परिवर्तन गर्दैछ । अहिलेसम्म गुगल अकाउन्टसँग नि:शुल्क मिल्ने १५ जीबी स्टोरेज उपलब्ध थियो । यस स्टोरेजमा जिमेल, गुगल ड्राइभ र गुगल फोटोजको डेटा मात्र गनिन्थ्यो। तर ७ जुलाइदेखि नयाँ नियमहरू लागू भएका छन् । यी नयाँ नियमहरू अन्तर्गत अब तपाईंको एन्ड्रोइड फोनको सबै ब्याकअप डेटा पनि यसैमा गनिनेछ । यस ब्याकअप डेटा अन्तर्गत एसएमएस म्यासेज, कल हिस्ट्री र डिभाइस सेटिङ्स पर्दछन् । यसमा वालपेपर र एप डेटा पनि सामेल छन् । अब यी सबै डेटालाई सोही १५ जीबी स्टोरेजमा जोडिनेछ ।

**गुगल फ्री स्टोरेज न्यु पोलिसी:** आजकल मानिसहरूको धेरैजसो काम जिमेलमा हुन्छ। गुगल फोटोजमा मानिसहरूका धेरै फोटो र भिडियोहरू सेभ हुन्छन् । यस कारणले मानिसहरूलाई धेरै स्टोरेजको आवश्यकता पर्दछ । गुगलले युजर्सलाई १५ जीबीको फ्री स्टोरेज दिन्छ । यसमा इमेल, फोटो र भिडियो स्टोर गरेर राख्न सकिन्छ । तर अब गुगलले नियम परिवर्तन गर्दैछ । परिवर्तन भएको नियमका कारण मानिसहरूलाई स्टोरेज किन्नुपर्ने आवश्यकता पर्न सक्छ । अथवा उनीहरूले आफ्नो डेटा डिलिट गर्नुपर्ने हुन सक्छ । कम्पनीका अनुसार अब युजरको एन्ड्रोइड फोनको सबै ब्याकअप डेटा पनि गुगल अकाउन्टसँग मिल्ने १५ जीबीको फ्री स्टोरेजमा नै गनिनेछ । यस ब्याकअप डेटा अन्तर्गत म्यासेज/एसएमएस र कल हिस्ट्री पर्दछन् । आउनुहोस् यसलाई डिटेलमा जानौं। अब १५ जीबीमा यी सबै कुरा हुनेछन् । नियम परिवर्तन भएका कारण अब तपाईंको फोनको ब्याकअप राख्नका लागि छुट्टै ठाउँ मिल्ने छैन । यस ब्याकअपमा म्यासेज र कल रेकर्ड पर्दछन् । त्यो डेटा पनि त्यही फ्री स्टोरेजमा गनिनेछ । त्यहाँ तपाईंको जिमेलका म्यासेजहरू हुन्छन् । गुगल ड्राइभका फाइलहरू र गुगल फोटोज पनि त्यहीं हुन्छन् । अर्थात् अब यी सबै चीजहरूले त्यही १५ जीबीको फ्री स्टोरेजमा ठाउँ बनाउनुपर्नेछ । पहिले गुगल स्टोरेजको मामिलामा धेरै उदार थियो । त्यस समयमा तपाईंको एन्ड्रोइड फोनको ब्याकअपमध्ये केही कुरा मात्र फ्री १५ जीबीको स्टोरेजमा गनिन्थे । त्यसमा फोटो, भिडियो र म्यासेज (एमएमएस) मा आएका फाइलहरू मात्र पर्थे । ७ जुलाईमा नयाँ नियमहरू लागू भएका छन् । केही युजर्सको काम अहिलेसम्म १५ जीबी फ्री स्टोरेजले चलिरहेको छ । अब उनीहरूले बाध्य भएर स्टोरेज लिनुपर्ने हुन सक्छ । कल हिस्ट्री र टेक्स्ट म्यासेजका कारण स्टोरेज भरिन सक्छ । यसैले गर्दा अहिलेसम्म उनीहरूका लागि पर्याप्त रहेको स्टोरेज अब कम पर्न सक्छ ।

*-इहिमालयन डटकम*

## मेटाले क्यानडा १० बिलियन डलरको नयाँ डाटा सेन्टर बनाउने




प्रविधि कम्पनी मेटाले क्यानडाको अल्बर्टामा नयाँ डाटा सेन्टर बनाउन सुरु गरेको छ । यो परियोजनामा कम्पनीले १० बिलियन डलर खर्च गर्नेछ । मेटाका अनुसार, स्टर्जन काउन्टीमा बन्ने यो डाटा सेन्टर १ गिगावाट क्षमताको हुनेछ । यो क्यानडामा मेटाको पहिलो र विश्वभरिको ३३ औं डाटा सेन्टर हो । कम्पनीले यसलाई एआई सम्बन्धी कामहरूका लागि विशेष रूपमा तयार पार्दैछ । मेटाले अमेरिकामा मात्र एआई पूर्वाधारका लागि ६०० बिलियन डलरभन्दा बढी लगानी गरिसकेको छ । यो क्यानेडियन परियोजनाले निर्माण क्षेत्रमा हजारौं रोजगारी सिर्जना गर्नेछ । यसले निर्माण सकिएपछि पनि ३०० जनालाई स्थायी रोजगारी दिनेछ । कम्पनीले स्थानीय समुदायलाई आर्थिक सहयोग गर्ने र वातावरण मैत्री रूपमा बिजुली तथा पानी प्रयोग गर्ने बताएको छ । विगत दुई वर्षमा मेटाले आफ्ना डाटा सेन्टरहरू निकै तीव्र रूपमा विस्तार गरेको छ । कतिपय रिपोर्टका अनुसार मेटाले आफ्नो क्षमताभन्दा बढी डाटा सेन्टर बनाएको छ । त्यसैले कम्पनीले यो अत्यधिक क्षमताबाट पैसा कमाउन क्लाउड इन्फ्रास्ट्रक्चर व्यवसाय सुरु गर्नुपर्ने हुन सक्छ । मेटाले एआई बजारको सम्भावनालाई आवश्यकताभन्दा बढी अनुमान गरेको चर्चा पनि छ । तर कम्पनीले यी प्रणालीहरूबाट पैसा कमाउन थप एड्भान्स कार्यक्रमहरूमा काम गरिरहेको छ । सन् २०२६ को पहिलो त्रैमासिक रिपोर्ट अनुसार मेटाले यसै वर्ष विकास कार्यमा थप १२५ बिलियनदेखि १४५ बिलियन डलर लगानी गर्ने अपेक्षा गरेको छ । यो लगानी मुख्य रूपमा एआई पूर्वाधारमा हुनेछ । एआईको 'रेस' जित्नका लागि प्रोसेसिङ पावर सबैभन्दा महत्त्वपूर्ण मानिन्छ । मेटाले आफ्ना प्रतिस्पर्धीहरूलाई पछि पार्न आफ्ना सम्पूर्ण स्रोतहरू उत्कृष्ट एआई मोडेल बनाउन प्रयोग गरिरहेको छ । यद्यपि चीनका कतिपय एआई ल्याबहरूले निकै कम स्रोत प्रयोग गरेर पनि यस्तै शक्तिशाली मोडेलहरू बनाइरहेका छन् । सीएनबीसीको रिपोर्ट अनुसार डीपसिक र जेड.एआई जस्ता चिनियाँ एआई मोडेलहरू अमेरिकी कम्पनीहरू माझ लोकप्रिय हुँदैछन् । यी मोडेलहरूको लागत कम छ तर काम गर्ने क्षमता अमेरिकी मोडेल जत्तिकै छ ।

*-हाम्रा कुरा डटकम*

# श्रृङ्गेश्वर धाममा एक महिना पुष्करिणी स्नान महोत्सव



**तम्घास,** असार २९/ गुल्मीको रुरुक्षेत्र गाउँपालिका-५ स्थित श्रृङ्गेश्वर तपोभूमिधाममा एक महिनासम्म दिव्य श्रृङ्गेश्वर मौन पुष्करिणी स्नान महोत्सव हुने भएको छ । श्रृङ्गेश्वर तपोभूमि धाम क्षेत्र संरक्षण तथा व्यवस्थापन समितिको आयोजनामा यही असारदेखि ३० भदौ १ गतेसम्म पुष्करिणी स्नान महोत्सव हुने भएको हो । उक्त धामको ऐतिहासिक, सामाजिक, धार्मिक तथा पुरातात्विक महिमा र महत्व प्रवर्द्धन गर्ने उद्देश्यले मेलाको आयोजना गरिएको धाम व्यवस्थापन समितिका सचिव दामेन्द्र पाण्डेले जानकारी दिए । स्थानीय पर्यटन प्रवर्द्धन धार्मिक सहिष्णुतामा समेत टेवा पुग्ने विश्वासका साथ मेला आयोजना गरिएको उनले बताए । मेलामा मौन पुष्करिणी स्नान, पवित्र स्नान र यसको महत्व, राष्ट्रिय कलाकारको भजन प्रस्तुती, देवी देवताका लीलाहरुको प्रदर्शनलगायतका कार्यक्रम हुने आयोजकले जनाएको छ । महोत्सवअन्तरगत १०८ मूलको जल तथा १०८ जडीबुटीको पावन समिश्रणद्वारा पुष्करिणी स्नान, मौन व्रतद्वारा आन्तरिक शुद्धी, देवपाठी ब्राहृमणद्वारा रुद्राभिषेक तथा वैदिक हवनादी कर्म सम्पन्न गरिने महोत्सव प्रचारप्रचार समितिका संयोजक कपिल गौतमले बताए । मुख्य महोत्सव साउन २४ गतेदेखि हुने भए पनि पुष्करिणी महोत्सव भने असार ३० देखि नै सुरु हुनेछ । असार ३० गते औंसीका दिन १०८ जना भक्तजनद्वारा १०८ मूलको जल तथा १०८ जडीबुटी पुष्करिणीमा अर्पण गरिने कार्यक्रम छ । महोत्सवमा एक हजार १११ जना भक्तजनका टोली निर्माण गरिनेछ । उक्त टोलीले कालीगण्डकीमा पवित्र स्नान गरी मौन व्रत धारणा गर्दै धाम प्रवेश गर्ने तथा वेदपाठी ब्राह्मणद्वारा रुद्राभिषेक र हवनादी कर्ममा सहभागि भई दिव्य अनुष्ठान पूर्ण गर्ने प्रमुख व्याख्याता उपेन्द्र न्यौपानेले बताए । मेलामा दर्शन गर्नाले पुण्य प्राप्त हुने, मन, वचन र कर्मको पवित्रता हुने, रोग, क्लेश तथा नकारात्मकता ऊर्जाबाट मुक्ति मिल्ने तथा भगवान् शिवको कृपा एवं आर्शिवाद प्राप्त भई मानसिक शान्ति, आत्मिकस्थिरता तथा आध्यात्मिक उन्नति हुने आयोजक विश्वास लिएको छ । रुरुक्षेत्र गाउँपालिका अध्यक्ष यदु ज्ञवालीले मेला र धामको महत्वबारे प्रचारप्रचार गर्न सडकको किनारामा धामको प्रतिमा बनाइएको तथा पहुँच सडक पक्की गरिएको जानकारी दिए ।*-रासस*

## खेलकुद समाचार

### चेन्नईबाट अलग भए फ्लेमिङ



**काठमाडौं,** असार २९/इन्डियन प्रिमियर लिग (आईपीएल) को टोली चेन्नई सुपर किङ्गसका मुख्य प्रशिक्षक स्टेफेन फ्लेमिङ १८ वर्षपछि टोलीबाट अलग भएका छन् । चेन्नई र फ्लेमिङले आपसी सहमतिमा अलग हुने निर्णय गरेका हुन् । आईपीएलको पहिलो संस्करण सन् २००८ मा खेलाडीका रूपमा चेन्नईमा आबद्ध भएका स्टेफेन फ्लेमिङले २००९ मा मुख्य प्रशिक्षकको जिम्मेवारी सम्हाले । फ्लेमिङको प्रशिक्षणमा चेन्नईले ५ वटा आईपीएल उपाधि र २ वटा च्याम्पियन्स लिग टी-२० प्रतियोगिता जित्यो । यस्तै फ्लेमिङको नेतृत्वमा चेन्नई १२ पटक प्लेअफमा पुग्यो भने कीर्तिमानी १० पटक आईपीएलको फाइनल खेल्न सफल भयो । चेन्नईकी मालिक रूपा गुरुनाथले स्टेफेन फ्लेमिङले टोलीको पहिचान निर्माणमा अतुलनीय योगदान दिएको बताएकी छिन् । यस्तै फ्लेमिङले चेन्नईमा बिताएको समय आफ्नो प्रशिक्षणकालकै सबैभन्दा अविस्मरणीय अध्याय भएको उल्लेख गरेका छन् ।

## अर्थ/कर्पोरेट समाचार

### नेप्से घट्यो, कारोबार रकम बढ्यो



**पाल्पा,** असार २९/ सेयर कारोबार साताको पहिलो दिन सोमबार नेप्से परिसूचक उच्च अंकले घटेर बन्द भएको छ । अघिल्लो साताको अन्तिम कारोबार दिन शुक्रबार करिब १ अंकले घटेको नेप्सेमा सोमबार उच्च अंकको गिरावट भएको हो ।

यसदिन नेप्से परिसूचक ३० दशमलव ६० अंकले घटेर २ हजार ५ सय ७० दशमलव १८ विन्दुमा पुगेको छ । यसदिन सेन्सेटिभ इण्डेक्स ० दशमलव ६७ प्रतिशतले घटेर ४ सय ५० दशमलव ५५ विन्दुमा पुगेको छ । ३ सय ६८ वटा स्क्रिप्सको ४ करोड १७ लाख २५ हजार कित्ता सेयर ७ अर्ब ४६ करोड ८४ लाख १६ हजार मूल्य बराबरमा खरिदबिक्री भए । कारोबार रकमका आधारमा यसदिन एनएमबी डिबेन्चर ८ दशमलव ५० प्रतिशत २०८७/८८ शीर्ष स्थानमा रह्यो । यसले ४८ करोड मूल्य बराबरको सेयर कारोबार गर्यो । यसदिन १३ वटै समूहको उपसूचक नकारात्मक देखिएका छन् । अघिल्लो दिनको तुलनामा कारोबार रकम बढेको हो । गत शुक्रबार सेयर बजारमा ६ अर्ब ८६ करोड ७ लाख रुपैयाँ बराबरको कारोबार भएको थियो । सोमबार कारोबारमा आएका १३ उपसमूहमध्ये सबैको परिसूचक घटेपछि समग्र नेप्सेमा उच्च अंकको गिरावट भएको हो ।

## नेविसंघद्वारा वृक्षारोपण...

...नेपाली कांग्रेस पाल्पाकी सचिव सुनिता अधिकारीले जलवायु परिवर्तनका चुनौती न्यूनीकरण गर्न वृक्षारोपण प्रभावकारी माध्यम भएकाले यस्ता अभियानलाई निरन्तरता दिन आवश्यक रहेको बताइन् । विज्ञान संकायका सहायक क्याम्पस प्रमुख पितबहादुर नेपालीले क्याम्पस परिसरलाई हराभरा बनाउन विद्यार्थीको पहल प्रशंसनीय रहेको उल्लेख गरे । नेविसंघले आगामी दिनमा पनि वातावरण संरक्षण, सामाजिक सचेतना तथा विद्यार्थी हितसँग सम्बन्धित रचनात्मक कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ ।

## अर्घाखाँचीका वनक्षेत्रमा...

...ती मुहानबाट स्थानीय बासिन्दाले पिउन तथा अन्य दैनिक प्रयोजनका लागि पानी प्रयोग गर्दै आएका छन् । पछिल्ला वर्षहरूमा वर्षा अनियमित हुने तथा पुरानो प्राकृतिक दह सुक्दै गएपछि ती मुहानमा पानीको मात्रा क्रमश: घट्न थालेको छ । स्थानीयवासीले पानीका स्रोत सुक्दै गएको गुनासो गरेपछि डिभिजन वन कार्यालयले सोही स्थानमा वर्षभरि पानी रहने गरी नमूना रिचार्ज पोखरी निर्माण गरेको जनाएको छ । सूचना अधिकारी खड्काका अनुसार गहुँखर्कको उक्त स्थान विगतमा प्राकृतिक दहका रूपमा परिचित थियो । "समयक्रममा दह पुरिँदै र सुक्दै गएपछि यसबाट पुनर्भरण हुने भूमिगत जलको मात्रा घट्न पुग्यो । परिणामस्वरूप दहमुनि रहेका सातवटै प्राकृतिक मुहानमा पानीको बहाव कम हुँदै गयो । यही अवस्थालाई मध्यनजर गर्दै वर्षायाममा सङ्कलित पानीलाई भूमिगत रूपमा पुन: रिचार्ज गराउने उद्देश्यले पोखरी निर्माण गरिएको हो", उनले भने । यस संरचनाको मुख्य उद्देश्य सात वटा प्राकृतिक मुहानको दीर्घकालीन संरक्षण गर्नु रहेको सूचना अधिकारी खड्काले बताए । वर्षायाममा पोखरीमा सङ्कलित पानी विस्तारै जमिनभित्र सोसिएर भूमिगत जल भण्डार बढाउने भएकाले मुहानहरूमा वर्षभरि पानीको मात्रा कायम राख्न सहयोग पुग्ने अपेक्षा गरिएको उनको भनाइ छ । कार्यालयका अनुसार रिचार्ज पोखरी स्थानीय बासिन्दाका लागि मात्र नभई वन्यजन्तुका लागि पनि उपयोगी बन्नेछ । विशेषगरी सुख्खा मौसममा वन्यजन्तुले पानीको अभाव झेल्नुपर्ने समस्या न्यूनीकरण गर्न पोखरीले महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ । वन क्षेत्रमा पानीको उपलब्धता बढेपछि वन्यजन्तु मानव बस्तीमा पानीको खोजीमा आउने सम्भावना पनि घट्ने अपेक्षा गरिएको छ । वन क्षेत्रमा पानीको स्रोत संरक्षणसँगै जैविक विविधता जोगाउन पनि यस्ता संरचना प्रभावकारी हुने डिभिजन वन कार्यालयका सूचना अधिकारी खड्काले बताए । पानी उपलब्ध हुँदा वनस्पति, चराचुरुङ्गी तथा अन्य वन्यजन्तुको बासस्थान सुरक्षित रहने र सम्पूर्ण पारिस्थितिक प्रणालीलाई सन्तुलित बनाउन सहयोग पुग्ने उनको विश्वास छ । डिभिजन वन कार्यालयले जलस्रोत संरक्षण तथा जलवायु परिवर्तनका असर न्यूनीकरणलाई लक्षित गर्दै यस आर्थिक वर्षमा जिल्लाका विभिन्न वन क्षेत्रमा यस्तै प्रकृतिका आठ वटा रिचार्ज पोखरी निर्माण सम्पन्न गरेको जनाएको छ । त्यसबाहेक वन डढेलोको जोखिम भएका वन क्षेत्रमा आगलागी नियन्त्रणका क्रममा पानीको स्रोत उपलब्ध गराउने उद्देश्यले थप सात वटा पानीपोखरी निर्माण गरिएका छन् । यसरी हेर्दा चालु आर्थिक वर्षमा कार्यालयले सामुदायिक वन उपभोक्ता समूह तथा अन्य साझेदार संस्थासँगको सहकार्यमा विभिन्न प्रकृतिका १५ वटा पोखरी निर्माण सम्पन्न गरेको सूचना अधिकारी खड्काले जानकारी दिए । वन क्षेत्रमा निर्माण गरिएका यस्ता संरचनाले वर्षाको पानी संरक्षण गर्दै भूमिगत जल पुनर्भरणमा सहयोग गर्ने, प्राकृतिक मुहानलाई पुनर्जीवित बनाउने, वन डढेलो नियन्त्रणका लागि आवश्यक पानी उपलब्ध गराउने तथा वन्यजन्तुको संरक्षणमा समेत महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ । डिभिजन वन कार्यालयले आगामी वर्षहरूमा पनि जलस्रोत संरक्षण, जैविक विविधताको प्रवर्द्धन तथा जलवायु परिवर्तन अनुकूलनलाई प्राथमिकतामा राख्दै यस्ता प्रकृतिमैत्री संरचनाको निर्माणलाई निरन्तरता दिने जनाएको छ । वन क्षेत्रभित्र निर्माण गरिएका रिचार्ज पोखरीले स्थानीय समुदाय, वन्यजन्तु र समग्र पर्यावरणलाई दीर्घकालीन रूपमा लाभ पुग्ने विश्वास कार्यालयको छ ।

*- रासस*

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी.कम
www.shittalpati.com
डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई